जङ्गली च्याउहरू विषालु पनि हुन सक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं ।
खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं
अमूल्य जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ असार १२ गते आइतवार // मृत भस्म नबन्दैमा भिःल्को भैकन बल्नुछ // 2022 June 26 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २९८

## जनताले दिएको जिम्मेवारी वहन गर्छु -नगरप्रमुख सिंह

प्रस, वीरगंज, ११ असार/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले आफू वीरगंजको सेवक भएको बताएका छन् ।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, वीरगंजले दया र करुणाका लागि आध्यात्मिक सशक्तीकरण विषयक कार्यक्रममा उनले जनताले प्रदान गरेको जिम्मेवारी वहन गर्न सबैको साथ, सहयोग र सहकार्य आवश्यक रहेको बताए । उनले विकृतिरहित समाजको स्थापनामा ब्रह्माकुमारीको योगदानको प्रशंसा गरे ।

कार्यक्रममा ब्रह्माकुमार विजयराज सिग्देलले वार्षिक छाता कार्यक्रमको विषयवस्तुमाथि प्रकाश पार्दै कुनै समय बाघ र गाईले समेत एउटै घाटमा पानी पिउने देवनगरी रहेको यो वसुन्धरा आज मानवको दैहिक अभिमान र हैवानियतका कारण दया र करुणाविहीन भएको बताए। उनले आध्यात्मिकतालाई आत्मसात् गर्दै मानवले आफूलाई आन्तरिकरूपमा सशक्त बनाउने हो भने पुनः दया, करुणा, अहिंसा, शान्ति र विश्वबन्धुत्वले भरिपूर्ण स्वर्णिम युगको


तस्वीरः सौजन्य

उदय हुने बताए ।

अन्तर्राष्ट्रिय मुख्यालय भारतको माउन्ट आबुका राजयोगी ब्रह्माकुमार हरगोविन्द राजयोगको शिक्षाबाट आफ्नो वास्तविक आत्मिक स्वरूपको पहिचान गरी दया र करुणाको सागर परमात्मासँग सुमधुर सम्बन्ध जोड्नुपर्ने बताए।

क्षेत्रीय निर्देशक राजयोगिनी ब्रह्माकुमारी रविनाको अध्यक्षतामा भएको कार्यक्रममा प्रसौनी गाउँपालिकाका अध्यक्ष विनोद जयसवाल, ठाकुर राम बहुमुखी क्याम्पसका प्राध्यापक उमेश श्रीवास्तव, सामुदायिक सेवा केन्द्र, छपकैयाका अध्यक्ष ग्याँसुद्दीन ठकुराई, नेपाल बार एशोसिएशन, पर्साका अध्यक्ष अधिवक्ता ओमप्रकाश गुप्ता, नारायणी अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंह, डा संयुक्ता साह, डा अजीत साहको सहभागिता थियो ।

## विकासको यात्रामा छिमेकीसँग सहकार्य -सोनल

प्रस, वीरगंज, ११ असार/

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, मधेस प्रदेशका संसदीय दलका नेता जीतेन्द्र सोनलले लामो सङ्घर्षपछि नेपालमा सङ्घीय लोकतान्त्रिक कायम भएको बताएका छन् ।

मिडिया फोर बोर्डर हार्मोनीले आयोजना गरेको 'बदलिंदो परिस्थितिमा नेपाल–भारत सम्बन्ध, चुनौती एवं निदान' कार्यक्रममा उनले विकासको यात्रा हितैषी तथा शुभचिन्तक छिमेकी राष्ट्र भारतसँगको सहकार्यमा अगाडि बढाउनुपर्ने बताए । नेता सोनलले प्राचीनकालदेखि नेपाल–भारतबीच सम्बन्ध प्रगाढ रहेको बताए । उनले नेपाल–भारत सम्बन्धलाई जोगाउन राज्य, समाज र जनता सबैको साझा कर्तव्य रहेको बताए ।

शनिवार वैशालीस्थित थाई अतिथि सदनमा आयोजित 'भारत–नेपाल समिट–२०२२' कार्यक्रममा प्रमुख अतिथि भारतका सांसद अखिलेशप्रसाद सिंहले नेपाल–भारत खुला सिमाना दुई देशबीचको विशिष्ट तथा अभिन्न सम्बन्धको प्रमाण रहेको बताए । उनले



तस्वीरः प्रतीक

नेपालमा भारतविरुद्धमा षड्यन्त्र भएमा जनताले निरुत्साहित गर्ने बताए । सांसद सिंहले नेपाल–भारतबीच कहिलेकाहीं असहज परिस्थिति आउने गरेकामा त्यसलाई विवेकपूर्ण ढङ्गले दुई देशका सरकारले पहल गर्नुपर्ने बताए । उनले नेपाल–भारतबीच सम्बन्धलाई बलियो बनाउन दुई देशका सामरिक तथा रणनीतिक आवश्यकता रहेको बताए ।

कार्यक्रममा भारतका अर्का सांसद अजय निषाद्ले नेपाल–भारत सम्बन्धलाई प्रगाढ बनाउन नागरिक समाजले अहम् भूमिका निर्वाह गरेको बताए । उनले औपचारिक सम्बन्धहरूबीच जनस्तरीय अन्तर्क्रिया र संवाद पनि हुनुपर्ने बताए ।

कार्यक्रममा जानकी मन्दिरका उत्तराधिकारी महन्त दास र होटेल तथा पर्यटन व्यवसायी सङ्घ, वीरगंजका अध्यक्ष हरि पन्तलगायत सम्मानित भएका थिए ।

## विकृति बढेपछि थारू समुदाय आर्थिकरूपमा कमजोर हुँदै

प्रस, सेढवा, ११ असार/

थारू नागरिक समाज, पर्सा–बारा–



तस्वीरः प्रतीक

रौतहटले जीराभवानी गाउँपालिका–३ मा स्थानीय तह निर्वाचनमा निर्वाचित थारू जनप्रतिनिधिहरूलाई सम्मान गरेको छ।

संस्थाका अध्यक्ष प्रमानन्द चौधरीको अध्यक्षता तथा थारू कल्याणकारी समितिका केन्द्रीय सदस्य बृजमोहन चौधरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वक्ताहरूले थारू समुदायमा विकृति बढेपछि आर्थिकरूपमा कमजोर हुन थाले बताए। उनले थारू समुदायको विकासका लागि स्थानीय तहले प्राथमिकता दिनुपर्ने बताए । अध्यक्ष थारूले थारू समुदायको परम्परागत संस्कृति, भाषा तथा पहिचानको संरक्षण गर्नुपर्नेमा जोड दिए । उनले थारू समुदायको पहिचान, पहुँच तथा सामाजिक विकासका लागि चेतनशील नागरिक उत्पादन गर्ने जिम्मेवारी जनप्रतिनिधिको रहेको बताए ।

कार्यक्रममा प्रदेशसभा सदस्य शङ्कर चौधरी, थाकस पर्साका नन्दकिशोर पञ्जियार, भागवत चौधरी, पटेर्वासुगौली गापाका अध्यक्ष दिनेशकुमार चौधरी, उपाध्यक्ष ममता महतो, जीराभवानी गापाका अध्यक्ष अनोज चौधरी, वीरगंज जेसीजका पूर्वअध्यक्ष शेखर चौधरी, थारू मेलमिलाप परिवारका अध्यक्ष मनोज चौधरी, आदिवासी जनजाति पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अजित भुजेललगायतले मन्तव्य राखेका थिए।

कार्यक्रममा पर्सागढी नगरपालिकाकी उपप्रमुख पूजा चौधरी, सखुवाप्रसौनी गापाकी उपाध्यक्ष शर्मिला विष्ट महतो, जीराभवानी गापाका उपाध्यक्ष रेखा चौधरी र वडाध्यक्षहरूलाई सम्मान गरिएको थियो ।

## प्रमुख प्रशासकीय अधिकृत सेढाईं र ठेकेदार कम्पनीमाथि अख्तियारको विशेष अदालतमा आरोपपत्र दायर

प्रस, निजगढ, ११ असार/

आर्थिक वर्ष २०७६/७७ मा



तत्कालिन प्रमुख प्रशासकिय अधिकृत
शिवराज सेढाई

जीतपुरसिमरा उपमहानगरपालिकाले हेटौंडाको न्यू पाथिभरा सप्लायर्ससँग सम्झौतापत्रमा उल्लेख भए बमोजिमका शर्तहरू पूरा नगरी नियमितरूपमा गिट्टी, बालुवा उत्खनन बिक्री वितरण कार्य गर्न दिएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौंले विशेष अदालतमा शुक्रवार आरोपपत्र दायर गरेको छ ।

जीतपुरसिमरा उपमहानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शिवराज सेढाईंले बालगङ्गा खोलाबाट खोलाजन्य पदार्थ उत्खनन, सङ्कलन तथा बिक्री गर्ने गरी न्यू पाथिभरा सप्लायर्ससँग सम्झौता गर्दा दुई किस्ताबापत हुने रकम ठेकेदार कम्पनीबाट लिनुपर्नेमा सो नलिई सम्झौता गरेको भन्दै आर्थिक वर्ष २०७६/७७ मा ठेकेदारको तर्फबाट कबोल बमोजिमको अङ्कमध्ये हालसम्म दाखिला गर्न बाँकी रकम रु एक करोड २० लाख २८ हजार ९० दाखिला नगरी राजस्व चुहावट हुन गएको उक्त आरोपपत्रमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनाएको छ ।

उक्त कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ७ (क) बमोजिमको कसूर भएकोले जीतपुरसिमरा उपमहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जीतपुरका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शिवराज सेढाईंलाई बिगो रु एक करोड २० लाख २८ हजार ९० कायम गरी सोही ऐनको दफा ७ बमोजिम जरिवाना गरी ऐनको दफा नं ३ को उपदफा (१)को देहाय (झ) बमोजिम कैद सजाय हुनुपर्ने मागदाबी गरिएको भनिएको छ ।

त्यसैगरी, न्यू पाथिभरा सप्लायर्सले कबोल गरेको अङ्कमा बाँकी दाखिला नगरेको रकम रु एक हरोड २० लाख २८ हजार ९० र ठेक्का कबोल अङ्को हुन आउने मूल्य अभिवृद्धि कर रकम रु ४६ लाख ४४ हजार ५१० दाखिला नगरेको देखिएकोले सो रकमसमेत गरी रु एक करोड ६६ लाख ७२ हजार ६०० सार्वजनिक निकायलाई हानिनोक्सानी गरेकोले उक्त सप्लायर्सलाई बिगोबापत रु एक करोड ६६ लाख ७२ हजार ६०० कायमसमेत गरेको छ। सो सप्लायर्सलाई सोही ऐनको दफा ८ (४) बमोजिम सजाय गरी पाउन र उक्त बिगो सोही दफा बमोजिम जफत गर्न मागदाबी लिई शुक्रवार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले जनाएका छन् ।

जीतपुरसिमरा उपमहा नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शिवराज सेढाईं हाल जिल्ला प्रशासन कार्यालय, बारामा सहायक प्रमुख जिल्ला अधिकारीका रूपमा कार्यरत थिए। विशेष अदालतमा सो आरोपपत्र दायर भएसँगै उनी निलम्बित भएका छन् ।

## जीतपुरसिमरा नगर उवासङ्घको निर्वाचन सम्पन्न

प्रस, जीतपुर, ११ असार/

जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घको निर्वाचन शनिवार सम्पन्न भएको छ । मतदानमा ९७७ जना मतदाताले तस्वीर र नामसहितको


तस्वीरः प्रतीक

मतपत्रमा मतदान गरेका थिए । मतगणनाको परिणाम आइतवार बिहान सार्वजनिक गरिने प्रमुख मतदान अधिकृत मुकुन्दबहादुर क्षत्रीले जानकारी गराएका छन् ।

सङ्घको अध्यक्ष र वाणिज्य सचिव पदमा निर्विरोध छनोट भइसकेकाले ५१ जना पदाधिकारीको छनोट मतगणनापछि सार्वजनिक गरिने निर्वाचन अधिकृत क्षत्रीले बताए । उद्योगतर्फ ८३, वाणिज्यतर्फ एक हजार २१६ जना र कम्पनीतर्फ छ जना मतदाता रहेको अध्यक्ष मोहन शर्माले बताए ।

सङ्घका संस्थापक अध्यक्ष घनश्याम गिरीले व्यवसायीको हकहितको लागि निर्वाचन भएको बताए ।

## छोटकरी

### छतबाट लडेर बालकको मृत्यु

प्रस रौतहट, ११ असार/

राजपुर नगरपालिकामा घरको छतबाट खसेर एक बालकको मृत्यु भएको छ। राजपुर–५ का झुनु साहका तीन वर्षीय छोरा शिवजी साह घरको छतबाट खसेका थिए । उनको उपचारको क्रममा मृत्यु भएको र घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ।

## कौवावनस्थित विद्यालयको शैक्षिक अवस्था अस्तव्यस्त

प्रस, पंचगावाँ, ११ असार/

सखुवाप्रसौनी गाउँपालिका–३


तस्वीरः प्रतीक

कौवावनस्थित नेरा आधारभूत विद्यालयको शैक्षिक अवस्था अस्तव्यस्त छ । सो विद्यालयमा एकजना राहत प्रधानाध्यापक, एकजना बालविकास शिक्षिका र एकजना कार्यालय सहयोगी मात्र कार्यरत छन् । विद्यालयमा विद्यार्थीहरू अध्ययनका लागि आउँदैनन्। विद्यालयमा बालविकासकी शिक्षिका मात्र आउने गरेको बताइएको छ । बाँकी शिक्षकहरूले घरमैं बसेर तलब बुझ्ने गरेका छन् ।

राजनीतिका कारण विद्यालयको शैक्षिक वातावरण अस्तव्यस्त भएको स्थानीय सरोज चौधरीले बताए ।

## विचारसार र सूक्तिहरु

**जो काममा ढिलाई गर्छ, त्यो निर्धन हुन्छ । कामकाजी मान्छे आफ्नै हातले धन कमाउँछ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सहअस्तित्वको अपरिहार्यता

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
Koiralarp46@gmail.com


जीवन सहअस्तित्त्व र मूल्यमा आधारित छ। त्यो नै जीवनको अद्भुत र अनौठो रहस्य हो। तुलना जीवनको अभिन्न अङ्ग हो। तर तुलना कसैसँग नगर्ने हो भने संसारका सबै मानिस उत्तिकै राम्रा र पूर्ण छन्।

**त्यसैले सबैको अस्तित्व स्विकार्नु र सोही अनुरूप व्यवहार गर्नु श्रेयष्कर हुन्छ । फेरि भौतिक सुन्दरताका आधारमा मात्र मूल्याङ्कन गर्नु भन्दा आन्तरिक शक्ति र सुन्दरताको आधारमा सबैले सबैलाई आदर र सम्मान गरौं ।**

तुलनाहीन कर्मविना पनि सुख, सन्तुष्टि र प्राप्ति सम्भव छ । सुख दुःख भन्ने कुरा अनुभूति मात्र हुन्, जो एकअर्कासँग तुलनाबेगर पनि सम्भव छ। तर त्यसलाई मानिसले आत्मसात् गर्न सकेको छैन । पीडा र आनन्द, खुशी र निराशा, तल र माथि, चीसो र तातो, यता र त्यता, उज्यालो र अँध्यारो, मिलन र विछोड, जन्म र मृत्यु यस्ता हजारौं क्षण सहअस्तित्वमा आधारित छन् ।

अरूको अस्तित्व निषेध गरेर आफ्नो अस्तित्व सम्भव छैन। यो संसारमा सबै आफ्नो लागि आफैं ठूला छन्, हरेक मान्छे, हरेक पदार्थ, हरेक जीव–जीवात्मा र सृष्टिका प्रत्येक वस्तु आवश्यक र औचित्यपूर्ण छन् । हामीले त्यसको अस्तित्व स्वीकार गर्न मात्र नसकेका हौं। कसलाई ठूलो र महत्त्वपूर्ण ठान्ने भन्ने कुरा परिवेश, प्रयोग र सोचमा भर पर्दछ। यसै सन्दर्भमा एउटा प्रसङ्ग यस्तो छ ।

शरद ऋतुको सुन्दर मौसममा जङ्गलमा विभिन्न रङ्ग र आकार फूल फुलेका थिए। फूलहरूको राजा गुलाबलाई उसको नजीकैको नरिवलको रूखले भन्यो–"आहा कति राम्रो र सुन्दर फूल ?" आहा ! म पनि त्यस्तै हुन पाए कस्तो हुनथ्यो होला । तर आफू त..." त्यस्तैमा अर्को वृक्षले भन्यो–"किन निराश हुन्छौ, यो संसारमा कोही पनि पूर्णतामा बाँचेको छैन । त्यसैले हामी जस्तो छौं त्यसैमा गर्व गर्न सिक्नुपर्दछ । यो कुरा सुनिरहेको गुलाबले आफू सबभन्दा राम्रो भएकोमा गर्व गर्दै भन्यो–"साँच्चै नै यो जङ्गलमा सबभन्दा राम्रो म नै हुँ । म जस्तो सुन्दर अरू छैन ।"

त्यसैबीच सूर्यमुखी फूलले आफ्नो पहेंलो टाउको उठाउँदै भन्यो–"तिमी किन आफ्नो रूपको घमण्ड गर्छौ, यो विशाल जङ्गलमा तिमीजस्ता हजारौं वृक्ष र फूलहरू छन्। तिमी तिनैमध्ये एक हौ। तर रातो गुलाबले घमण्डका साथ भन्यो–"हेर सबैले मलाई नै हेरेर मेरो सुन्दरतामा मग्न हुन्छन्, मलाई त फूलहरूको राजा नै मान्दछन्।" उसले नजीकै सिउँडीलाई देखाउँदै भन्यो–"हेर त त्यो सिउँडी कति रूखो, काँडा नै काँडा भएको उजाड र कुरूप छ।" त्यसैबीच नरिवलको बोटले गुलाबलाई भन्यो–"हेर गुलाब, तिमी केलाई सुन्दर मान्छौ, बाहिरी आवरणलाई वा भित्री गुणलाई। काँडा हुनु नै नराम्रो हो भने तिमीमा पनि काँडा छन् नि ।"

यो कुरा सुनेर गुलाब नरिवलको बोटसँग झोक्कियो र भन्यो–"तिमीलाई सुन्दरताको रहस्य र अर्थ नै थाहा रहेन छ। तिमीले मेरा काँडा र सिउँडीको काँडालाई कसरी तुलना गर्न सक्यौ ?"

नरिवलको बोटले मनमनै सोच्यो, कस्तो घमण्डी रहेछ। फूल त कोमल, सुन्दर र सुकुमार हुन्छ भन्थे तर यो त...।

गुलाबले आफू सिउँडी नजीकै नबस्ने निर्णय गऱ्यो र आफ्ना जरा निकालेर हिंड्न खोज्यो तर सकेन। ऊ त्यहीं बस्यो तर उसले आफ्नो छिमेकी सिउँडीलाई हेप्न र होच्याउन भने छोडेन । उसले भन्थ्यो–"यो सिउँडीको कुनै काम छैन, यस्ता जर्जर र कुरूपको छिमेकी हुनु परेकोमा म ज्यादै दुःखी छु।"

गुलाबले जति हेप्दा पनि सिउँडीले कहिल्यै गुनासो गरेन बरू सम्झाउँदै भन्यो–"हेर सृष्टिका सबै वनस्पति, जीव, जीवात्मा र प्राणीहरू कुनै न कुनै प्रयोजन र उद्देश्यका लागि यो संसारमा आएका हुन्छन्। सबै एक अर्कामा निर्भर हुन्छन्।"

प्रकृति सदा एकनास रहँदैन। ऋतुहरू फेरिन्छन् । शरद बित्यो । हिउँदका अप्ठ्यारा र सुख्खा दिन आए। जीवन कठिन बन्न पुग्यो। वर्षा भएन। खडेरीले झन् जीवन अस्तव्यस्त भयो। बालीनाली सबै सुकेर मरे। पानीको अभावमा रातो गुलाब पनि ओइलाउन थाल्यो। एक दिन रातो गुलाबले एक हुल भँगेराहरूलाई देख्यो। भँगेराहरू सिउँडीमा आ–आफ्नो चुच्चोले कोपिरहेका छन्। भँगेराहरू केही चीज लिएर खुशी हुँदै उडिरहेका छन्। यो देखेर रातो गुलाबले आश्चर्य मान्दै नरिवलको बोटलाई सोध्यो–"यी चराहरूले के गरेका हुन् ?"

नरिवलको बोटले भन्यो–"चराहरूले सिउँडीबाट शीतल पानी निकालेका हुन्।"

ए त्यसरी चुच्चोले छियाछिया पार्दा सिउँडीलाई पीडा हुँदैन ?

हो, सिउँडीलाई पक्कै पीडा हुन्छ तर सिउँडी भित्रीरूपमा यति परोपकारी छ कि ऊ अरूको खुशीका लागि आफ्नो सारा पीडा बिर्सन सक्छ।

रातो गुलाबले अचम्मित हुँदै भन्यो–"ओहो ! सिउँडीमा त्यति धेरै पानी छ ?

हो, यदि तिमी पनि चाहन्छौ भने निष्फिक्री पिउन सक्छौ । हेर, तिमी पानीको अभावमा ओइलाइसकेका छौ। बरू मौकाको फाइदा उठाऊ र आफूलाई पुनर्जीवित गर" नरिवलको रूखले भन्यो।

रातो गुलाब आफूले विगतमा सिउँडीलाई होच्चाएकोमा लज्जित भयो। उसलाई ठूलो पश्चात्ताप भयो । र ऊ सिउँडीसमक्ष नतमस्तक हुँदै पानीको लागि सहयोग माग्यो । बाहिरीरूपमा कुरूप सिउँडीको मन विशाल थियो । उसले चराहरूलाई बोलायो र चुच्चोले पानी निकालेर गुलाबको जरामा हाल्न भन्यो। उनीहरूले त्यसै गरे। ओइलाएको गुलाबले नयाँ जीवन पायो । ऊ फेरि ढकमक्क फुल्यो। त्यस दिनदेखि उसले बुझ्यो कि कसैले कसैलाई पनि बाहिरी आवरण र रूपका आधारमा मूल्याङ्कन गर्नुहुँदैन ।

त्यस्तै एकपटक एउटा घरको आँगनमा फुलिरहेका फूलहरूमध्ये गुलाब र सयपत्रीबीच को राम्रो भन्ने कुरामा विवाद परेछ । गुलाबले सयपत्रीलाई भनेछ–"हेर त म फूलहरूमा सबैभन्दा सुन्दर र विशिष्ट हुँ । मलाई सबैले फूलहरूको राजा मान्दछन् । मेरो सुन्दरताको अगाडि तिमीहरू तुच्छ छौ। तिमीहरूको रङ्ग पनि त्यति मनमोहक छैन। फेरि तिमीलाई सबैले सजिलै प्रयोग पनि गर्दछन् । तिमीहरूको बिरूवा पनि अति कमजोर हुन्छ। एउटा ऋतुमा मात्र फुल्छौ । म त वर्षौं बाँच्दछु ।" फेरि सयपत्रीले भन्यो–"हेर धेरै घमण्ड नगर। हामी सबै मन्दिर पुग्दछौ। दशैं–तिहारमा सबैका घरघरमा पुग्छौं। घर सजाउँछौं। सबको गलामा माला बनेर अरूको खुशी र उत्सवमा सहभागी हुन्छौं ।"

दुवै आफ्नो प्रशंसा गरिरहेका थिए। आँगनको डिलमा भएको तुलसीको बोट भने आफू उनीहरूजस्तो सुन्दर हुन नपाएकोमा हीनताबोध गर्दै थियो। यसैबीच गुलाब र सयपत्रीले तुलसीलाई होच्याएर भने–"हेर त त्यो तुलसी त झन् न रङ्गीन छ, न बास्नादार नै । फुङ्ग उडेको, कान्तिविहीन र कुरूप बिरूवा किन हाम्रो नजीक रोप्नुपरेको होला ?"

उनीहरूले तुलसीलाई धेरै अवहेलना र अपमान गरे। यसैबीच एकजना पुजारी त्यहाँ आइपुगे । सयपत्री टिपे, गुलाब टिपे र तुलसीको मठलाई पूजा गरे। ती दुवै फूल तुलसीलाई चढाए । तुलसीको मठलाई ढोगे र सरासर आफ्नो बाटो लागे । अब को राम्रो भन्ने ? कसलाई सुन्दर र महत्त्वपूर्ण अनि आवश्यक र अनावश्यक मान्ने ? आखिर सबैको औचित्य र आवश्यकता त रहेछ नि ! परिवेश र सन्दर्भ अनुरूप सबै आफ्नो ठाउँमा महत्त्वपूर्ण छन्। त्यसैले सबैको अस्तित्व स्वीकार्नु र सोही अनुरूप व्यवहार गर्नु श्रेयष्कर हुन्छ। फेरि भौतिक सुन्दरताका आधारमा मात्र मूल्याङ्कन गर्नु भन्दा आन्तरिक शक्ति र सुन्दरताको आधारमा सबैले सबैलाई आदर र सम्मान गरौं।

त्यस्तै, हामीहरू प्रायः देख्दछौं कि आफ्ना सन्ततिलाई असल शिक्षा दिने नाममा गलत शिक्षा दिइरहेका हुन्छौं। हामी आफ्ना छोराछोरीलाई आफ्ना छिमेकीका छोराछोरी देखाएर बाबुनानी तिमीहरू ती छिमेकीभन्दा राम्रो हुनुपर्दछ भनेर तुलना गरिरहेका हुन्छौं र उनीहरूमा एउटा अस्वस्थ प्रतिस्पर्धाको बीजारोपण गरिरहेका हुन्छौं । बरू हामीले कसैको तुलना नगरेर असल र सफल हुनुपर्दछ भन्ने सन्देश दिन सकेमा कति राम्रो हुने थियो ? साथै आफ्ना छिमेकी पनि असल र राम्रा होऊन् भन्ने शुभकामना दिन सके आफ्नै सन्तानमा सुसंस्कारले जरो हाल्ने थियो । आखिर हाम्रा केटाकेटीले धूलो खेल्ने, भाँडाकुँडी खेल्ने, राम्रा नराम्रा कुरा सिक्ने त आफ्ना साथीहरूबाट नै हो । त्यसैले राम्रा–नराम्रा दुवै कुरा दृष्टिकोण मात्र हुन् जुन आवश्यक पनि छ । एउटाविना अर्कोको अर्थ र मूल्य छैन। त्यसमा गुनासो गर्नुभन्दा जीवनको शाश्वत सत्य अङ्गीकार गरेर अगाडि बढ्नु नै श्रेयष्कर हुन्छ ।

जीवन निरन्तर परिवर्तन भएर अगाडि बढ्छ। जीवनको प्रवाह एकनास र परिवेश एकै खालको नहुने रहेछ । परिवेश र परिवर्तनको बल अनौठो र नकार्न नसकिने खालको पनि हुँदोरहेछ। जीवनमा यही नै सार्वकालिक र ध्रुव सत्य हो भनेर यकीन गर्न पनि साह्रै गाह्रो रहेछ। पोहोर सत्य लागेको आज असत्य, हिजो असत्य लागेको आज सत्य, बिहान ठीक लागेको बेलुका बेठीक पनि हुन सक्दोरहेछ । यो सत्य र असत्य भन्ने कुरा परिवेशमा निहित हुने रहेछ। हामी हरेक क्षण नयाँ परीक्षणमा लागिरहेका हुन्छौं। तर परीक्षणमा एकपटक सफल नहुनेबित्तिकै निराश भएर आफ्ना नियमित कर्मबाट हात झिक्दारहेछौं । आफ्ना सबै सम्भावनाका ढोका खोलेर पटकपटक प्रयास गर्ने धैर्यताले नै अपेक्षित परिणाममा पुऱ्याउँछ भन्ने कुरा बिर्सन्छौं।

संसारमा त्यस्ता कैयौं महान् व्यक्तित्वहरू छन् जो एकपटक मात्र होइन कैयौं पटक असफलता भएर पनि निराश भएनन् बरू जीवनको निर्दिष्ट उद्देश्यका लागि अविचलितरूपमा लागिरहे । जबसम्म अपेक्षित प्राप्ति हुँदैन तबसम्म मैदान छाडेनन्। आफूलाई निरन्तर प्रयोग र प्रयासको कसीमा ढालिरहे। अमेरिकी पूर्वराष्ट्रपति अब्राहम लिंकनले जीवनमा धेरै दुःख झेले–गरिबी, अभाव र असफलता भोगे तर यसलाई जीवनको स्वाभाविक गति सम्झे। आफ्नो लक्ष्यप्रति दृढ र अठोटलाई कत्ति डगमगाउन दिएनन् र आफ्नो अविच्छिन्न यात्रामा एकाग्र दृष्टिकोण राख्दै कर्मलाई निरन्तरता दिए । आफ्नो सपना र जीवनका लक्ष्य निर्धारण गरिएको छ र त्यसमा इमानदारीपूर्वक लाग्दा गन्तव्य कठिन हुँदोरहेन छ भन्ने कुरा उनले सारा जगत्लाई सिकाए ।

छपटक चुनावी असफलता भोगेका उनले सन् १८६१ को अमेरिकी कङ्ग्रेसको निर्वाचनमा फेरि उम्मेदवारी दिए । एकातिर निर्वाचनको रौनक बढ्दै थियो भने अर्कोतिर धर्मगुरूहरूले गाउँगाउँमा नैतिकता र पेशागत मर्यादाबारे प्रवचन दिइरहेका थिए । त्यस्तैमा उनी एउटा प्रवचनमा भाग लिन पुगे ।

प्रवचनकै क्रममा धर्मगुरूले सबै श्रोताहरूलाई प्रश्न गरे–ल भन्नुहोस् त

(बाँकी तेस्रो पातामा)

# सरकारी बदनियतले निम्तिएको सङ्कट

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**अर्थमन्त्री यतिसम्म लज्जाविहीन देखिए, सदन र सडक सबैतिर राजीनामा मागिंदा न उनले चित्त बुझ्दो स्पष्टीकरण नै दिए, न प्रधानमन्त्रीले आजसम्म यसबारेमा चुइँक्क बोलेको सुनिएको नै छ ।**

अर्थमन्त्रीले गरेको भन्सारदर चलखेलको विरोधमा पूर्वी नेपालका उद्योगीहरू पुनः आन्दोलनमा उत्रिएका छन् । उद्योगमा व्यस्त हुनुपर्ने उद्योगी सडक सङ्घर्षमा ओर्लिएको दृश्यले नेपालको उद्योग व्यापारको अवस्था कुन समस्याको हदबाट गुज्रिइरहेको छ भन्ने अनुमान लगाउन त्यति कठिन पर्दैन । यसअघि जेठको अन्तिम साता उद्योग बन्द गरेर सडकमा उत्रिएका उद्योगीलाई थुम्थुम्याउन अर्थमन्त्री जनार्दन शर्माले भन्सारदरमा भएको त्रुटि सच्याउन आफू तयार रहेको र असार १ गतेभित्र निकास निकाल्ने बताएपछि उद्योगीको आन्दोलन स्थगित भएको थियो ।

अर्थमन्त्रीको त्यो प्रतिबद्धता उद्योगीका समस्या समाधान गर्नका लागि नभएर अल्मल्याउन मात्रै भएको चाल पाएपछि उद्यमीहरू फेरि सडकमा ओर्लिएका छन्। यो अर्थमन्त्रीको गैरजिम्मेवारी हो । यतिसम्म कि शुरूमा आन्दोलनरत उद्योगीलाई भेट्नसमेत नमानेका अर्थमन्त्री प्रधानमन्त्रीको दबाबपछि उद्योगीलाई भेटेका थिए। उद्योगीको आन्दोलन रोक्ने चालबाजी अन्तर्गत अर्थमन्त्रीले झूटो आश्वासन दिएको घटनाक्रमहरूले स्पष्ट पारिसकेको छ । एमएस रड, सेनिटरी प्याड, तेललगायतका उद्योगलाई सङ्कटमा धकेल्ने गरी सरकारले आगामी आर्थिक वर्ष २०७९/८० को बजेटमार्फत भन्सार र अन्त:शुल्कका दर तोकिएपछि उद्योगी आन्दोलित भएका छन् ।

अर्थ मन्त्रालय यतिसम्म गैरजिम्मेवार र आपराधिक देखियो, बजेटमा अनधिकृत व्यक्तिको चलखेल भएका समाचार सार्वजनिक भए । एकजना नायब सुब्बा तहबाट अवकाश भएका पूर्वकर्मचारीले अर्थमन्त्रीलगायत अर्थ मन्त्रालयका विशिष्ट अधिकारीहरूलाई प्रभावमा पारेर राजस्वका दर नै हेरफेर गर्न सक्ने ल्याकत राख्छन् भने त्यस्ता राज्य सञ्चालकहरूबाट जनताले कस्तो विधि, प्रक्रिया र सुशासनको अपेक्षा गर्ने ? बिचौलियामार्फत सीमित औद्योगिक र व्यापारिक समूहको स्वार्थ पूरा गर्ने चाँजोपाँजो मिलाएबापत अर्थमन्त्रीदेखि मन्त्रालयका उच्च पदस्थ अधिकारीहरूसमेतले लाभ लिएको चर्चालाई केवल आरोप मात्र मान्न सकिने अवस्था छैन । अर्थमन्त्री यतिसम्म लज्जाविहीन देखिए, सदन र सडक सबैतिर राजीनामा मागिंदा न उनले चित्त बुझ्दो स्पष्टीकरण नै दिए, न प्रधानमन्त्रीले आजसम्म यसबारेमा चुइँक्क बोलेको सुनिएको नै छ ।

सरकारले एकातिर आयातकर्ताको प्रभावमा परेर सेनेटरी प्याड आयातमा लाग्ने भन्सार महसूलमा ९० प्रतिशत छुट मात्र दिएन, कच्चा पदार्थको आयातमा अन्त:शुल्कसमेत बढाइदियो । एमएस वायर, रोलिङ मिल र वनस्पति घ्यू तेल उद्योगलाई भन्सार र अन्त:शुल्कको दरमा गरिएको परिवर्तनले पनि उद्योगीलाई आन्दोलित बनाइदियो । बजेटमार्फत एमएस वायर उद्योगले प्रयोग गर्ने कच्चा पदार्थ आयातमा यसअघि लाग्दै आएको पाँच प्रतिशत भन्सार महसूलबाट बढाएर १० प्रतिशत र अन्त:शुल्क प्रतिटन २५ सयलाई ४५ सय रुपैयाँ पुऱ्याएको छ। राजस्वका दर हेरफेरमा त्रुटि भएकाले त्यस्तो समस्या सुल्झाउने प्रतिबद्धता गरेपछि वास्तवमैं यो अनजानमैं भएको हो कि ? भन्ने प्रश्न पनि उठेको हो । तर प्रतिबद्धताको कार्यान्वयनमा उदासीनता देखिएपछि अर्थमन्त्रीले बिचौलियाको प्रभावमा काम गरेको भन्ने प्रमाणित हुन बाँकी पनि छैन । यो प्रकरणमा सरकारको अनुहार उदाङ्गिएको छ ।

जनतामा सरकारप्रति बढिराखेको अविश्वासलाई थप मलजल गरेको छ। सत्तामा जानेले जे बोले पनि हुन्छ, जे गरे पनि हुन्छ भन्ने मनोविज्ञान राजनीतिमा डरलाग्दो हिसाबले विस्तार भएको छ। मन्त्रीले आफूले बोलेको कुरा पूरा गर्दैनन् भने त्यसले सरकारप्रति अविश्वास बढाउने काम गर्दछ। यसो त आज राजनीतिप्रति नै जनतामा वितृष्णा जागृत भएको पनि सत्य हो। हालै मात्र देशका सङ्घीय राजधानीसहित केही महत्त्वपूर्ण स्थानमा स्वतन्त्र उम्मेदवारको जीतले पनि यसको प्रतिविम्ब पेश गरेको छ । शीर्षस्थ नेताहरूले यो कुरा मनन गरे पनि सार्वजनिकरूपमा स्वीकार गर्ने तत्परता देखिएको छैन । उल्टै 'मेरो गोरुको बाऱ्है टक्का' रट लगाइराखेका भेटिन्छन् ।

खास व्यापारिक घरानाको स्वार्थसिद्धिको लागि नाङ्गिन तयार हुने, देशको अर्थतन्त्र र जनतामाथि गद्दारी गर्ने सरकारले किसानलाई खेतीको समयमा मलसमेत दिन सकेको छैन । मल नपाएका किसानले बाटोबाटै मल लुटेर लगेका समाचार सामाजिक अराजकताको उदाहरण मात्र होइन, सरकारी संयन्त्रको गैरजिम्मेवारी र नालायकीको दसी पनि हो । नेपालमा बर्सेनि सात लाख मेट्रिकटन जति मलको खाँचो पर्दछ । आपूर्ति भने मुश्किलले तीन लाख मेट्रिकटन हुन्छ, त्यो पनि किसानले खेतीको समय घर्किइसकेपछि पाउँछन् । सरकारलाई थाहा छ, बर्सेनि यो समस्याको पुनरावृत्ति भइराखेको छ, तर हालसम्मका कुनै पनि सरकारले बेलैमा मल आयातको चाँजोपाँजो मिलाउन सकेको देखिएन ।

बढ्दो आयातका कारण स्वदेशी उद्योग धराशयी हुने अवस्थामा समेत सरकार रमिते बनिरहेको छ । आयात प्रतिस्थापनका लागि सबैभन्दा पहिलो शर्त आन्तरिक उत्पादनको बढावा नै प्राथमिक शर्त हो । यस्तो उत्पादन गुणस्तरीय र मूल्य पनि उचित हुनुपर्दछ । अन्यथा बाहिरका मालसामान भित्रिन्छन् । आन्तरिक उत्पादनको लागत कसरी घटाउन सकिन्छ भन्नेमा सरकारको कुनै चासो देखिएको छैन । हचुवा पारामा भन्सारमा राजस्वको छेको हालेर उपभोक्तालाई शोषण गर्ने काम भने भइराखेको छ। यस्तोमा आफ्नो स्वार्थ पूरा हुँदासम्म उद्योगी–व्यापारी पनि मौन बसेर फाइदा लिने र स्वार्थमा कुनै पनि किसिमको तलमाथि हुने बित्तिकै होहल्ला गर्ने परिपाटी पनि सही छैन । जुत्तामा नेपाल आत्मनिर्भर बन्ने क्रममा अगाडि बढेको छ । अहिले विदेशबाट न्यून बिजकीकरण तथा चोरीपैठारी भई जुत्ता भित्रिएको उद्यमीहरूको भनाइलाई अस्वीकार गर्नुपर्ने कारण छैन । सरकारको यस्तै रवैया रहने हो भने छोटै समयमा जुत्ता–चप्पल उद्योग पनि बन्द हुने अवस्थामा पुग्छन् । हजारौं सङ्ख्याले रोजगार पाएको यो उद्योग सरकारी नीति यस्तै रहे बन्द नहोला भन्न सकिंदैन। देश र देशको अर्थतन्त्र बलियो बनाउन सरकारी तहमा बसेकाहरू इमानदार र दक्ष त हुनु नै पर्छ । सरकारमा बस्नेहरू इमानदार हुनुपर्दछ।

कपडा उद्योगको आफ्नै कथा छ। नेपालमा वार्षिक छ खर्ब रुपैयाँ बराबरको कपडाको खपत रहेकोमा स्वदेशी उत्पादन र वैध आयातको परिमाण करीब एक खर्ब रुपैयाँ जतिको छ। नेपालमा कपडा उद्योगको पर्याप्त सम्भावना भएर पनि अवैध आयातका कारण स्वदेशी उद्योगको अपेक्षित विस्तार हुन सकेको अवस्था छैन। १० गुणासम्म मूल्य अभिवृद्धि गर्ने यस्ता उद्योग आज संरक्षणको पर्खाइमा छन्। सरकारले कहिले सहुलियत दिने, कहिले खोस्ने गरेको छ। कतिले त पाएको सहुलियत पनि फिर्ता गर्नुपरेको समाचार पनि आएका छन् । त्यस्तै, प्रिन्टिङ उद्योगले पनि कच्चा पदार्थ र तयारी वस्तुको भन्सारदरमा अव्यावहारिक नीतिका कारण सकस झेलिरहेको छ ।

ती बिचौलिया जसले भन्सारमा लिइने राजस्वको दरमा चलखेल गराए। यिनै अर्थमन्त्री जनार्दन शर्माले प्रतिस्थापन विधेयकमार्फत स्पन्ज आइरन बिलेटको आयातमा चलखेल गर्दा त्यस समय पनि यिनै बिचौलियाको भूमिका रहेको खबर सञ्चारमाध्यमहरूमा आइसकेको छ । यस्ता विरोधाभासबीच संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले भन्सारदर फरक भएका कारण केही उद्योग धराशयी हुनुका साथै रोजगार र राजस्वसमेत गुमेको भन्दै समितिले यस्तो निर्णय प्रतिस्थापन विधेयकभन्दा अघिकै व्यवस्थामा कायम गर्न निर्देशन दिएको छ। यो भनेको सरकार नाङ्गो नाचमा उत्रिएको प्रमाण हो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# "चन्द्रमाको धूलो र साङ्ला फिर्ता गर"

बोस्टन, ११ असार/एपी

राष्ट्रिय वैमानिक तथा अन्तरिक्ष प्रशासन (नासा)ले आफ्नो स्वामित्वमा रहेको चन्द्रमाको धूलो र साङ्ला फिर्ता मागेको छ। नासाको कदमले पाँच लाख डलरमा बिक्री हुन लागेको ४० ग्राम माटो र तीनवटा मरेका साङ्ला बेचिनबाट जोगिएका छन्।

अन्तरिक्ष एजेन्सीले यहाँस्थित आरआर अक्सनलाई सन् १९६९ को अपोलो ११ मिसनमा सङ्कलन गरिएको चन्द्रमाको धूलो र तीनवटा साङ्लाको बिक्री रोक्न तथा तत्काल ती फिर्ता गर्न माग गरेको हो। चन्द्रमाको चट्टानबाट सङ्कलन गरिएको माटोमा स्थलचरमा प्रभाव पर्ने नपर्ने अनुसन्धान गर्न त्यो माटो ती साङ्लालाई खुवाइएको थियो।

नासाका वकीलले लिलामीकर्ता कम्पनीलाई पत्र लेखेर चालीस मिलिग्राम चन्द्रमाको माटो र तीनवटा मरेका साङ्ला रहेको सीसी सङ्घीय सरकारको स्वामित्वमा रहेको सम्झाउँदै फिर्ता गर्न भनेका छन्। नासाको पत्र पाएपछि आरआर अक्सनले चार लाख डलरमा बेच्ने तयारी गरिएको माटो र साङ्लालाई अक्सनको सूचीबाट हटाएको छ।

लिलामी रोक्न नासाले दुईपटक पत्राचार गर्नुपरेको थियो। अपोलो ११ मिसनले २१.३ किलोग्रामभन्दा बढी चन्द्रमाको चट्टान पृथ्वीमा ल्याएको थियो। उक्त चट्टानलाई धुल्याएर कीरा, माछा, साङ्लालागायत जीवलाई खुवाइएको थियो। चट्टानको धूलो विषाक्त भए नभएको निक्योँल गर्न तिनलाई त्यो खुवाइएको थियो।

चन्द्रमाको धूलो खुवाइएका साङ्लालाई त्यति बेला नै मिनेसोटा विश्वविद्यालय लगेर कीटविद् मेरियन ब्रुक्सबाट अनुसन्धान गराइएको थियो। चन्द्रमाको माटो विषाक्त नभएको उनले पुष्टि गरेकी थिइन्। पन्ध्र वर्षअघि नै ब्रुक्स यो संसारबाट बिदा भइसकेकी छन्। रासस



तस्वीर: आरआर अक्सन

# सिम्रौनगढमा नेपाल–भारतका तस्करहरू सक्रिय

प्रस, सिम्रौनगढ, ११ असार/

सिम्रौनगढमा भारतीय तस्करहरू सक्रिय भएका छन्। सिम्रौनगढ, खजानी, कचोर्वा, बसवरियामा अहिले दुवै देशका तस्करहरू तस्करीमा सक्रिय छन्।

भारतीय तस्करहरूले भारतबाट मोटरसाइकल र ट्याक्टरका पार्ट्स, चिनी, कपडा, खानेतेल नेपाल भित्र्याउँदै सिम्रौनगढ, कचोर्वा, कटहरिया, बड्कुल, गरुडा, चन्द्रपुर, निजगढ, कोल्हवी, मौलापुर, हर्नैया पुऱ्याउने गरेका छन्।

यसैगरी, नेपालका तस्करहरूले भारतमा मदिरा तस्करी गरिरहेको गाउँलेहरूले बताएका छन्।

भारतीय तस्करहरूले बारा र रौतहटको सीमामा पर्ने अरुवा नदीको पुलमुनिबाट सामान तस्करी गर्ने गरेका छन् भने नेपाली तस्करहरूले सिम्रौनगढबाट मदिरा लोड गरी खजानीको पथलवाघाटबाट भारतको अगर्वा हुँदै चिरैया ढाका र मोतिहारी पुऱ्याउने गरेका छन्।

बेलाबखत भारतको जितना, झरोखर, घोडासहन र ढाका थानाले नेपाली मदिराहरू बरामद गर्ने गरेका छन्। इलाका प्रहरी कार्यालय, सिम्रौनगढका र सशस्त्र प्रहरी बिओपी गोलागंजका घुमुवा र प्रहरीको अगाडिबाट तस्करहरूले तस्करी गर्ने गरेको बताएको छ।


पोके तस्करहरूको सामान। तस्वीरः प्रतीक

# पेट्रोलमा रु २० र डिजेलमा रु २९ मूल्य घट्यो

काठमाडौं, ११ असार/रासस

सरकारले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ। मन्त्रिपरिषद्को शनिवार बसेको बैठकले पेट्रोलमा रु २० र डिजेलमा रु २९ मूल्य घटाएको उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले आज मन्त्रालयमा पत्रकार सम्मेलन गरी जानकारी दिए।

उनका अनुसार पेट्रोलमा रु २० र डिजेलमा रु २९ मूल्य घटेको छ। जस अनुसार हाल पेट्रोलमा १९९ रहेकामा रु २० घटेर १७९ कायम गरिएको छ। त्यस्तै, डिजेलमा १९२ बाट रु २९ घटाएर १६३ कायम गरिएको छ। नयाँ मूल्य आजै राति १२ बजेदेखि लागू हुनेछ। मन्त्रिपरिषद्को निर्णयलगत्तै मन्त्री बडूले पत्रकार सम्मेलन गरेर सो जानकारी दिएका हुन्। "यो आजैको मन्त्रिपरिषद् बैठकको निर्णय हो। सुझावका आधारमा बैठकले निर्णय गरेको हो," मन्त्री बडूले भने। उद्योगमन्त्री बडूले पेट्रोलियम पदार्थको अत्यधिक मूल्यवृद्धिले जनतालाई मर्का परेको भन्दै थोरै भएपनि राहत हुनेगरी मूल्य घटाइएको बताए। सरकारले पेट्रोलियम पदार्थमा लगाउँदै आएको कर घटाएर भएपनि जनतालाई राहत दिनुपर्छ भन्ने हेतुले मूल्य घटाइएको उनले उल्लेख गरे। "यसले समग्र समाधान त हैन तर तत्काल जनताले भोगेको समस्यालाई केही राहत दिन्छ भन्ने सरकार र मन्त्रालयको विश्वास छ," उनले भने।

**बजार अनुगमनलाई प्रभावकारी बनाइने**

सरकारले दैनिक उपभोग्य वस्तुको मूल्य नियन्त्रण र खाद्यवस्तुको अभाव हुन नदिन प्रभावकारी अनुगमन गर्ने भएको छ। उद्योगमन्त्री बडूले सङ्घ, प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यमा बजार अनुगमनलाई प्रभावकारी बनाइ मूल्य नियन्त्रण गरिने विश्वास व्यक्त गरे।

बजारमा सबै उपभोग्य वस्तुमाथि भइरहेको मूल्य घटाइ व्यवसायीले जनतालाई राहत हुनेगरी काम गर्न उनले आग्रह गरे। मन्त्री बडूले उपभोग्य वस्तुमाथि कानूनविपरीत मूल्यवृद्धि गरेको पाइएमा कारबाईको दायरामा ल्याइने भन्दै यस कार्यमा सञ्चारमाध्यम र उपभोक्ताले सहयोग गर्नुपर्ने धारणा राखे।

अन्तर्राष्ट्रिय बजारमा पनि पेट्रोलियम पदार्थको अभाव र मूल्यवृद्धि भइरहेकाले त्यसैको प्रभावस्वरूप बजारमा अत्यावश्यक उपभोग्य वस्तुको मूल्यवृद्धिले सर्वसाधारण जनता मारमा परेको विषयप्रति सरकार गम्भीर र संवेदनशील छ। सोही विषयलाई मध्यनजर गर्दै सरकारले पेट्रोलियम पदार्थको मूल्यवृद्धिले सर्वसाधारण जनतालाई असर पुऱ्याएकोले सरकारले पेट्रोलियम पदार्थको मूल्य घटाउने निर्णय गरेको मन्त्री बडूले जानकारी दिए।

पेट्रोलियम पदार्थको मूल्य घटाउने विषयमा प्रधानमन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा बिहान सत्ता गठबन्धनका शीर्षस्थ नेताहरूको बैठक भएको थियो। उक्त बैठकमा सम्बन्धित मन्त्रालयका सचिव र नेपाल आयल निगमका उच्च पदाधिकारीको सहभागिता थियो। उक्त बैठकले वर्तमान अवस्थामा जनतालाई राहत दिने उद्देश्यले पेट्रोलियम पदार्थको मूल्य घटाउने सुझाव दिएअनुरूप मूल्य समायोजन गरिएको हो। बैठकमा प्रधानमन्त्री देउवाले तत्कालका लागि जनतालाई राहत हुनेगरी पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्न दिएको निर्देशनबमोजिम मूल्य घटाइएको मन्त्री बडूले बताए।

**सरकारी कार्यालयमा विद्युतीय सवारी**

पेट्रोलियम पदार्थको खपत कम गर्न विद्युतीय चुल्हो र विद्युतीय सवारीसाधनमा प्रोत्साहन गरिने मन्त्री बडूले जानकारी दिनुभयो। बजेटमा व्यवस्था भएको विषयलाई कार्यान्वयन गर्न राष्ट्रिय योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा गठित उच्चस्तरीय कार्यदलको सिफारिसअनुरूप कार्यान्वयन गरिनेछ।

सरकारी कार्यालयमा विद्युतीय सवारीसाधन प्रयोग गर्ने, पुरानालाई विद्युतीयमा रुपान्तरण गर्ने तथा ठूला सवारीसाधनलाई विद्युतीय रूपान्तरण गर्ने नीतिगत निर्णय गरिनेछ। पेट्रोलियम पदार्थको खपत कम गर्न अन्य मुलुकको असल अभ्यासलाई पनि अध्ययन गरेर विज्ञसँगको परामर्शपछि निर्णय लिने र हालको निगमको व्यवस्थापनलाई चुस्त र प्रभावकारी बनाउन पनि कार्यदलले सुझाव दिएपछि कार्यान्वयनमा लगिने मन्त्री बडूले जानकारी दिनुभयो।

# केही अमेरिकी स्वास्थ्य संस्थाले रोके गर्भपतन सेवा

वाशिङ्टन, ११ असार/एपी

सर्वोच्च अदालतले गर्भपतनसम्बन्धी ५० वर्ष पुरानो एउटा निर्णयलाई खारेज गरेपछि देशका विभिन्न राज्यका गर्भपतन सेवाप्रदायक संस्थाले सेवाप्रवाह बन्द गरेका छन्।

गर्भपतनको महिला अधिकार सर्वोच्च अदालतले उल्ट्याएपछि कानूनी कारबाई भोग्नुपर्ने त्रासका बीच अल्बामा, टेक्सास र वेस्ट भर्जिनियालगायत राज्यका गर्भपतन सेवाप्रदायक संस्थाले सेवाप्रवाह बन्द गरेका हुन्।

गर्भपतनको सेवा प्रदान गर्दै आएको वेस्ट भर्जिनियाको एकमात्र संस्थाका कार्यकारी निर्देशक केटी क्विनोनेजले भक्कानिएका केही सेवाग्राही बोल्न नसकेका, केहीले बलिन्द्र आँसुका धारा बगाएका बताउँदै आफ्ना कर्मचारी दिनभर अब सेवाप्रवाह नहुने र 'तपाईंको अप्वाइन्टमेन्ट' रद्द गरिएको सूचना प्रवाहमा व्यस्त हुनुपरेको जनाइन्।



गर्भपतन अधिकारका समर्थकहरूले सर्वोच्चको फैसलालाई अमेरिकी न्यायसम्पादनको कालो दिन भनेका छन् भने भ्रूणहत्या पाप हो भन्नेहरूले फैसलाको स्वागत गरेका छन्। सर्वोच्चको फैसलासँगै नौवटा राज्यमा गर्भपतन रोकिएको छ भने दक्षिण डकोटा र ओक्लोहमाका सेवाप्रदायकले पनि गर्भपतनको प्रक्रिया रोक्ने तरखर गरेका छन्। गर्भपतनसम्बन्धी महिलालाई प्राप्त संवैधानिक अधिकार खोसिएको विरोधमा देशका विभिन्न शहरमा व्यापक प्रदर्शन भइरहेका छन्। फैसलाको पक्षमा पनि केही राज्यमा प्रदर्शन भएका छन्। सर्वोच्चको फैसलापछि अब राज्यहरूले गर्भपतनसम्बन्धी आफ्नै नियम बनाउने छन्। धेरै राज्यमा सर्वोच्चको फैसला अनुरूपका नियम बनाइने सम्भावना रहेको छ।

यसैबीच, भ्याटिकनको एकेडेमी फर लाइफले गर्भपतनसम्बन्धी अमेरिकी सर्वोच्च अदालतको निर्णयको स्वागत गरेको छ। भ्याटिकनले मानवजीवनको रक्षा व्यक्तिगत अधिकारमा सीमित हुन नसक्ने उल्लेख गर्दै महिलाहरूलाई आफ्ना कोखमा बच्चा जोगाउनका निम्ति सामाजिक परिवर्तन आवश्यक भएको बताएको छ। उसले जीवनका विषयमा चिन्तन गर्न पनि उनीहरूलाई आह्वान गरेको छ। रासस

# अमेरिकी उच्चस्तरीय प्रतिनिधिमण्डल कोलम्बो भ्रमणमा

कोलम्बो, ११ असार/एएनआई

आर्थिकरूपमा धराशयी भएको घोषणा गरेको श्रीलङ्कालाई सघाउन अमेरिकी उच्चस्तरीय प्रतिनिधिमण्डल यहाँ आउने भएको छ।

अमेरिकी अर्थ मन्त्रालय र विदेश मन्त्रालयको प्रतिनिधित्व गर्दै उच्च प्रतिनिधिमण्डलको टोली आइतवार यहाँ आउन लागेको हो।

प्रतिनिधिमण्डलले विभिन्न राजनीतिक दलका प्रतिनिधि, अर्थशास्त्री र अन्तर्राष्ट्रिय सङ्घसंस्थाका पदाधिकारीसँग भेटघाट गर्ने कार्यक्रम रहेको अमेरिकी दूतावासले जनाएको छ।

प्रतिनिधिमण्डलमा एशियाका लागि कोषका उपसहायक अर्थमन्त्री रोबर्ट काप्रोथ तथा दक्षिण एवं मध्य एशियाका लागि उपसहायक विदेशमन्त्री केली केडरलिङलगायत छन्। अमेरिकी टोलीले सम्भावित सहयोगबारे परामर्श गर्नेछ।

"यो भ्रमणले श्रीलङ्काका जनताको सुरक्षा र समृद्धिप्रतिको हाम्रो निरन्तर प्रतिबद्धतालाई जोड दिन्छ," श्रीलङ्कालाई आर्थिक चुनौतीका बेला सघाउन, उसको आर्थिक वृद्धिमा टेवा दिन तथा प्रजातान्त्रिक संस्थाहरूलाई सुदृढ तुल्याउने प्रयासस्वरूप उच्च अधिकारी वाशिङ्टनबाट आउन लागेको उल्लेख गर्दै श्रीलङ्काका लागि अमेरिकी राजदूत जुली चुङले भनिन्।

बितेका दुई सातामा अमेरिकाले श्रीलङ्काली साना र मध्यम व्यवसायलाई सघाउन १२ करोड डलरको नयाँ वित्तीय सहयोगको घोषणा गरेको थियो। त्यसैगरी, वाशिङ्टनले मानवीय सहायता तथा जीविकोपार्जनका लागि थप ६० लाख डलर प्रदान गर्ने बताएको थियो। अर्थतन्त्रलाई स्थिर बनाउन तथा वित्तीय सुधारका लागि प्राविधिक सहयोग उपलब्ध गराउन नयाँ अनुदान दिइएको बताइएको छ।

भविष्यमा पनि श्रीलङ्काको आर्थिक पुनरुत्थान, खाद्य सुरक्षा, सार्वजनिक स्वास्थ्य तथा शिक्षा क्षेत्रको प्रवर्द्धनका लागि अमेरिकी सहयोग निरन्तर रहने जनाइएको छ। साथै उसले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट सहयोगका निम्ति गरेको श्रीलङ्काली अनुरोधको समर्थन पनि गरेको छ। वर्तमान सङ्कटबाट श्रीलङ्कालाई मुक्त गर्न सक्दो सहयोग गर्नुपर्नेमा वाशिङ्टनले जोड दिएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष — कान्तिक्षय | वृष — भाग्योदय |
| मिथुन — बेचैनी | कर्कट — मनोरञ्जन |
| सिंह — कर्मप्राप्ति | कन्या — राज्यभय |
| तुला — वादविवाद | वृश्चिक — व्यापारवृद्धि |
| धनु — कष्टश्रम | मकर — उदरपीडा |
| कुम्भ — विजय | मीन — कान्तिक्षय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा- बिहान ६:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो ३:४० बजे


## वीरगंज महानगरपालिकाको सूचना

यस वीरगंज महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा आवागमनमा बाधा पर्नेगरी निर्माण सामग्री थुपार्ने, फूटपाथमा पसल सञ्चालन गर्ने, छाडा गाईवस्तु तथा छाडा चौपाया छोड्ने, जथाभावी फोहर फाल्नेलगायत नियम विपरीत कार्यहरू नगर्न नगराउन हुन जानकारी गराइन्छ। त्यस्ता कार्य गरेको पाइएमा कानूनबमोजिम जरिवानाको साथै सोको व्यवस्थापन गर्दा लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धितबाट असुल उपर गरिने बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

वीरगंज महानगरपालिका, पर्सा


# महोत्तरीमा वर्षौंदेखि लाखौं मूल्यका काठ कुहिंदै

जलेश्वर, ११ असार/रासस

महोत्तरीमा वर्षौंदेखि लाखौं रुपियाँको काठ कुहिन थालेको छ। सामुदायिक वनजङ्गलबाट चोरी निकासीका क्रममा बरामद गरिएको काठ कुहिन थालेको हो।

काठसम्बन्धी मुद्दा लामो समयसम्म किनारा नलाग्दा बरामद काठसँगै सवारीसाधनसमेत जिल्ला वन कार्यालयको परिसरमा कुहिएर नष्ट हुँदैछ। "लाखौं राजस्वसमेत गुमिरहेको छ," डिभिजन वन कार्यालयका सहायक वन अधिकृत मणिराम यादवले भने। वन कार्यालय र मातहतका कर्मचारीलाई प्रदेश सरकारको मातहतमा राखिए पनि महोत्तरीमा अवैध तरीकाले कटान गरी चोरी निकासी गर्न लागिएको काठसम्बन्धी मुद्दा भने लामो समयसम्म किनारा लाग्न सकेको छैन।

वन पैदावार चोरी निकासी र अतिक्रमणबारे डिभिजन वन कार्यालयमा आर्थिक वर्ष २०४८/४९ देखि २०७८/७९ सम्म दर्ता भएका २०३ मुद्दाको फैसला अहिलेसम्म हुन सकेको छैन। मुद्दा सङ्ख्या न्यून रहेको महोत्तरीमा एक वर्षको अवधिमा सबैभन्दा बढी २०६७/६८ मा २६ मुद्दा दर्ता भएका थिए। मुद्दा कम भएपनि फैसला नहुँदा बरामद काठ, सवारीसाधन लिलाम नभएर वन कार्यालयको परिसरमा कुहिर नष्ट भइरहेको यादवले बताए।

महोत्तरीभरिको वन सुरक्षाको कमान्ड सशस्त्र वन सुरक्षा शाखालाई दिइएको छ। चोरी पैठारी भएको काठ बरामद भएर पाँच वर्षदेखि हालसम्म कुनै पनि मुद्दाको काठ लिलाम नभएको सशस्त्र वन सुरक्षा शाखाले जनाएको छ। सशस्त्र वन सुरक्षा शाखा परिसर र आसपासका जङ्गलमा वर्षौंदेखि राखिएका बहुमूल्य काठ कुहिन थालेका छन्। महोत्तरी जिल्ला अदालतका श्रेस्तेदार मदनप्रसाद जयसवालले दुई लाख जरिवाना वा एक वर्ष कैद वा दुवै सजाय हुने मुद्दाको किनारा लगाउने अधिकार डिभिजनल वन अधिकृतलाई रहेको बताए। सोभन्दा बढी जरिवाना र कैद हुने मुद्दा जिल्ला अदालतबाट टुङ्गो लगाउने प्रावधान रहेको उनले बताए। वन कार्यालय र कर्मचारी प्रदेश मातहतमा राखे पनि मुद्दाको अधिकार सङ्घीय सरकार मातहत राख्दा सामान्य मुद्दासमेत अदालतमार्फत टुङ्गो लगाउनुपर्दा समस्या देखिएको जयसवाल बताउँछन्।

**सहअस्तित्वको......**

तपाईंहरूमध्ये कतिजना सुकर्म गरेर स्वर्ग जान चाहनुहुन्छ ?

हजारौं दर्शकमध्ये बहुसङ्ख्यकले हात उठाए।

गुरुले फेरि सोधे–"तपाईंहरूमध्ये कुकर्म गरेर नर्क जान चाहने कतिजना हुनुहुन्छ ?

यसपल्ट पनि केहीले हात उठाए। तर अब्राहमले न स्वर्ग जानका लागि हात उठाए, न नर्क जानका लागि।

दुवैपटक हात नउठाएको देखेपछि गुरुलाई अनौठो लाग्यो। अनि उनले अब्राहमलाई प्रश्न गरे–"तिमी स्वर्ग पनि जान चाहन्नौ, नर्क पनि जान चाहन्नौ, आखिर तिमी कहाँ जान चाहन्छौ ?

अब्राहमले तुरुन्तै जवाफ दिए–"गुरु यसपटक म अमेरिकन कङ्ग्रेसमा जान चाहन्छु र सुकर्मले राष्ट्रलाई स्वर्गतुल्य बनाउन चाहन्छु। नभन्दै त्यस वर्षको निर्वाचनमा उनी सफल भए। अमेरिकाको सामाजिक र आर्थिक विकासमा कायापलट भयो। आज विश्वका सबै मानिसका लागि अमेरिकाको बसाइँ र यात्रा जीवनको लक्ष्य बनेको छ। हेरौं त उनको दृष्टिकोण र विचार। विचारप्रति एकाग्र भएर नै गन्तव्यमा पुग्न सकिने रहेछ।

देशलाई स्वर्ग वा नर्क बनाउने हात त उनीहरूका नेता र जनतामै छ। त्यस्तै जीवनलाई कस्तो बनाउने भन्ने कुरा पनि स्वयंमा निर्भर गर्दछ।

■■■

# तीन जिल्लाका जनप्रतिनिधिद्वारा छोरी शिक्षामा जोड

प्रस, गरुडा, ११ असार/

सर्लाही, रौतहट र बाराका जनप्रतिनिधिहरूले छोरी शिक्षा र समाजको समानतामा जोड दिएका छन्। कानू समाज कल्याण समिति, रौतहटले शनिवार शिवनगरमा आयोजना गरेको नवनिर्वाचित जनप्रतिनिधिको सम्मान कार्यक्रममा वक्ताहरूले जातीय गौरव बढाउन पारस्परिक सहयोगको आवश्यकता रहेझैं समाजलाई अगाडि बढाउन छोरीलाई पढाउनुपर्नेमा जोड दिएका छन्।

पूर्वमन्त्री ज्वालाकुमारी साह, प्रदेश सांसद बाबुलाल साह, गौर नगरपालिकाका प्रमुख शम्भु साह, देवाही गोनाही नगरपालिकाका प्रमुख प्रेमलाल साह, बाराको महागढीमाई नगरपालिकाकी उपप्रमुख गीतादेवी साहसहित अल्पसङ्ख्यक कानू जातिबाट स्थानीय तहमा सर्लाही, रौतहट र बारामा निर्वाचित जनप्रतिनिधिहरूले एकै स्वरले छोरी शिक्षामा जोड दिएका हुन्।

नेपालमा अल्पसङ्ख्यक समुदायमा रहेको कानू जातिका वडासदस्यदेखि पूर्वमन्त्रीसम्मका करीब पाँच दर्जन


तस्वीर: प्रतीक

जनप्रतिनिधिलाई समाजले सम्मानित गरेको हो।

कार्यक्रममा गरुडा नगरपालिका–५ का अध्यक्ष विनोदप्रसाद कलवारले दुई लाख र गरुडा नगरपालिकाका प्रमुख कन्थमणिप्रसाद कलवारले मन्दिर निर्माणका लागि दश लाख रुपियाँ सहयोग गर्ने प्रतिबद्धता जनाए।

यसैगरी, देवाही गोनाही नगरपालिकाका प्रमुख प्रेमलाल साहले बीस हजार इँटा र दुई सय बोरा सिमेन्ट सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

गौरका प्रमुख शम्भु साह र प्रदेश सांसद बाबुलाल साहले आफूहरूले पहिलेदेखि नै सहयोग गर्दै आएको र आवश्यकता अनुसार सबै किसिमले सहयोग गर्दै रहने प्रतिबद्धता व्यक्त गरेका थिए।

# मौलिक विकासमा अगाडि बढ्दै मौलापुर -नेता साह

प्रस, गरुडा, ११ असार/

नेकपा एमालेका स्थायी समिति सदस्य तथा पूर्वमन्त्री प्रभु साहले विकासको मौलिक ढाँचामा मौलापुर नगरपालिका अगाडि बढिरहेको बताएका छन्। जिल्लाका अन्य पुराना नगरपालिकाहरूको तुलनामा मौलापुर निकै पछाडि बनेको भएपनि विकासको रफ्तारले सबै नगरपालिकालाई जितेको बताएका छन्।

मौलापुर नगरपालिकाको नगरसभालाई शुक्रवार सम्बोधन गर्दै नेता साहले साना–साना योजना केन्द्र र प्रदेश सरकारले गरिरहेकाले स्थानीय तह कमजोर भएको बताएका छन्। शौचालय, कलधारा, मन्दिर, पोखरी सजावटजस्ता साना योजनाहरूमा प्रदेश र केन्द्र सरकारले लगानी गरिरहेको बताउँदै नेता साहले यस्ता साना योजनाहरू पालिकालाई दिनुपर्ने बताए।

देश सङ्घीयतामा गइसकेकोले साना योजनाहरू पालिका सरकारले, मझौला योजनाहरू प्रदेश सरकारले र ठूला योजनाहरू केन्द्र सरकारले सञ्चालन



तस्वीर: प्रतीक

गर्नुपर्ने नेता साहले बताए। एकै किसिमका विकास योजनामा तीन तहका सरकारले काम गरिरहेको देखिएको वर्तमान अवस्थामा स्थानीय सरकारलाई बलियो बनाउन र सर्वसाधारणलाई सङ्घीयताको अनुभूति गराउन मापदण्ड बनाएर सङ्घ, प्रदेश र पालिका सरकारले काम गर्नुपर्ने तर्क दिए।

यसैबीच, मौलापुर नगरपालिकाले ३६ करोड रुपियाँको लोकप्रिय बजेट ल्याएको छ। मौलापुर नगरपालिकाका सम्पूर्ण नागरिकलाई बिजुली तथा खानेपानी निश्शुल्क उपलब्ध गराउँदै आएको र आगामी आर्थिक वर्षमा पनि पूर्णतया निश्शुल्क उपलब्ध गराइने नगरप्रमुख रीनाकुमारी साहले घोषणा गरेकी छन्।

शिक्षा र स्वास्थ्य नगरपालिकाको पहिलो प्राथमिकतामा रहने गरेको बताउँदै नगरप्रमुख साहले महिला सुरक्षा तथा साक्षरताको पक्षमा नगरपालिकाले गरेको काम अनुकरणीय भएको बताएकी छन्। मौलापुर नगरपालिकाले शुरू गरेका योजनाहरू छात्रालाई सेनिटरी प्याड वितरण, छात्रालाई साइकल तथा ल्यापटप वितरण जस्ता कार्यक्रमलाई केन्द्र र प्रदेश सरकारले अनुकरण गरिरहेको बताउँदै नगरप्रमुख साहले मौलापुर नगरपालिकाले झनै लोकप्रिय कार्यक्रम ल्याएको र नगरवासीलाई सुविधा र सेवा दुवै उपलब्ध गराइरहेको बताएकी छन्।

मौलापुर नगरपालिकाले सर्वसाधारण नागरिकलाई सबै कर मिनाहा गर्दै आएकोमा आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको बताएकी छन्। मौलापुर नगरपालिकाले विकासको मौलिकता तयार पारिसकेको र अन्य पालिकाहरूले अनुकरण गरिरहेको नगर प्रमुख साहले दाबी गरिन्।

# भारतीय नवनियुक्त राजदूत श्रीवास्तव नेपालमा

काठमाडौं, ११ असार/रासस

नेपालका लागि नवनियुक्त भारतीय राजदूत नवीन श्रीवास्तव आफ्नो जिम्मेवारी सम्हाल्न नेपाल आएका छन्। करियर कूटनीतिज्ञ श्रीवास्तव आज अपराह्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै काठमाडौं आएका हुन्।



काठमाडौं आउनुअघि उनले नयाँ दिल्लीमा चीन, जापान, कोरिया र मङ्गोलिया मामिला हेर्ने पूर्वी एशिया डिभिजनको प्रमुखको रूपमा कार्य गरे। उनले पूर्वी लद्दाख सीमा विवादबारे चीनसँग विभिन्न चरणमा कूटनीतिक वार्ता गर्न भारतीय वार्ता टोलीको नेतृत्व पनि गरेको भारतीय दूतावासले जनाएको छ।

राजदूत श्रीवास्तवले सन् २०१५ देखि २०१७ सम्म कम्बोडियाका लागि भारतीय राजदूतका रूपमा काम गरिसकेका छन्। साथै उनले वाशिङ्टन, बेइजिङ, सङ्घाई र हङकङमा विभिन्न जिम्मेवार पदमा रही काम गरेको दूतावासले जनाएको छ। यसअघिका भारतीय राजदूत विनयमोहन क्वात्रा भारतीय विदेश सचिवमा नियुक्त भएपछि राजदूत पद रिक्त भएको थियो।

# जगरनाथपुर गापाको ४९ करोड ३२ लाख बजेट

प्रस, पोखरिया, ११ असार/

जगरनाथपुर गाउँपालिकाको सातौं गाउँसभा शुक्रवार सम्पन्न भएको छ। गापा अध्यक्ष श्रीकान्तप्रसाद यादवको अध्यक्षतामा भएको गाउँसभाले आव २०७९/८० को लागि रु ४९ करोड ३२ लाखको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेको थियो।

गापा उपाध्यक्ष बबिता सिंहले बजेट प्रस्तुत गर्दै शिक्षातर्फ रु ११ करोड २४ लाख, स्वास्थ्यतर्फ रु दुई करोड २८ लाख, कृषितर्फ रु एक करोड २६ लाख, सामाजिक विकासतर्फ रु दुई करोड ४१ लाख, पूर्वाधार विकासतर्फ रु १५ करोड २३ लाख, सामाजिक सुरक्षातर्फ रु आठ करोड र चालूतर्फ रु नौ करोड बजेट विनियोजन गरिएको जानकारी गराइन्।

उनले विद्यालयमा विद्यार्थीलाई ल्याउ, टिकाउ र सिकाउ अभियान र विद्यालयलाई अपाङ्गता तथा बालमैत्री बनाइने बताइन्। कक्षा १० का विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन गरिने, एसइईमा उत्कृष्ट अङ्क ल्याएर उत्तीर्ण हुने छात्र/छात्रालाई छात्रवृत्ति प्रदान गरिने



तस्वीर: प्रतीक

बताइन्।

उपाध्यक्ष सिंहले बिजबनिया र औराहमा बर्थिङ सेन्टर, प्रत्येक वडाको स्वास्थ्य चौकीमा एमबिबिएस चिकित्सकको व्यवस्था गरिने र गापामा १५ शय्याको अस्पताल सञ्चालनको लागि सङ्घ र प्रदेश सरकारसँग पहल गरिने बताइन्।

नेपाली काङ्ग्रेस, पर्साका सभापति जनार्दनसिंह क्षत्रीले उद्घाटन गरेको कार्यक्रममा नेका उपसभापति रामनारायण कुर्मी, प्रवक्ता रमेश पाण्डे, कोषाध्यक्ष प्रेम थापा, क्षेत्रीय सचिव बलिस्टर अहमद, प्रमुख प्रशासकीय अधिकृत कृष्णनन्दन राय, वडाध्यक्षहरू लक्ष्मीसाह तेली, नेपालीप्रसाद कुशवाहा, सुभाषकुमार यादव, प्रभुनाथप्रसाद नुनिया, बिहारी महतो नुनिया, अयोध्याप्रसाद कुर्मीलगायतको सहभागिता थियो। कार्यक्रमको सञ्चालन गापा स्वास्थ्य संयोजक प्रवेन्द्र साहले गरेका थिए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| जानकारी आएन | | | | |




# सामुदायिक श्रीपुरद्वारा लागूऔषधविरूद्ध सचेतनामूलक ¬र्‍याली

प्रस, वीरगंज, ११ असार/

सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र, मुर्ली–श्रीपुर, वीरगंजले लागूऔषध दुरुपयोग तथा ओसारपसारविरुद्ध अन्तर्राष्ट्रिय दिवसको अवसरमा शनिवार सचेतनामूलक ¬र्‍याली निकालेको छ।

त्रिमूर्तिटोलबाट निस्किएको ¬र्‍यालीले वीरगंजको मुर्लीचोक, श्रीपुर, दुर्गाटोल, पावरहाउसलगायतका स्थान परिक्रमा गरेको थियो। ¬र्‍यालीमा सहभागीहरूले बनाऔं लागूऔषधमुक्त गाउँशहर, मिलेर सङ्घ, प्रदेश अनि स्थानीय सरकार, सुखी नेपाली समृद्ध नेपालको सपना लागूऔषधमुक्त समाजको परिकल्पना,


तस्वीर: प्रतीक

स्वस्थ जीवन, स्वच्छ विचार, लागूऔषध गरौं बहिष्कार, नागरिक र सरकारको संयुक्त पहल, बनाऔं लागूऔषधमुक्त नेपाल, लागूऔषधले लिन्छ ज्यान, आफैं नखनौं आफ्नो चिहान नारा लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए।

कार्यक्रममा वडा प्रहरी कार्यालय, श्रीपुरका प्रहरी निरीक्षक डिल्लीराज सापकोटा, ट्राफिक प्रहरी नायब निरीक्षक हनुमान राउत अहिर, सामुदायिक सेवा केन्द्र श्रीपुरका सचिव दीलिप प्रधान, वरिष्ठ प्रहरी हवल्दार शैलेन्द्रकुमार यादव, निर्मल ताम्राकारलगायतको सहभागिता थियो।

# पैतीसजनाद्वारा रक्तदान

प्रस, पोखरिया, ११ असार/

पटेलनगर, वीरगंज महानगरपालिका–२१, सिद्धार्थ युवा क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा ३५ जनाले रक्तदान गरेका छन्।

कार्यक्रममा गोपालप्रसाद कुर्मी, विपी चटर्जी, सन्दीप पटेल, हरिओम पटेल, निशान्त पटेल, सुदेशप्रसाद यादव, आशिष पटेल, विशाल पटेललगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले जानकारी गराए।



तस्वीर: प्रतीक

# ठोरीमा बाघले बङ्गुर खायो

प्रस, ठोरी, ११ असार/

ठोरी गाउँपालिका–१ मा पर्ने जङ्गलसँगै जोडिएको चौतारामा शुक्रवार राति ज्ञानबहादुर स्याङ्तानले पालेको एउटा बङ्गुरलाई बाघले मारेर खाएको छ। केही दिनदेखि सो क्षेत्रमा बाघले स्थानीयका पाडा तथा घरपालुवा जनावरसमेत मार्ने गरेको बताइएको छ।

यसअघि असार ८ गते राति पनि स्याङ्तानकै खोरमा रहेको एउटा बाख्रा र एउटा बङ्गुर बाघले मारेर खाएपछि स्थानीयले चितवन राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीलाई जानकारी गराएका थिए। पटक–पटक बाघ गाउँमैं पसेर क्षति पुर्‍याउन थालेपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको टोली चौतारा क्षेत्रमा पुगेको छ। शनिवार दिउँसो चितवन राष्ट्रिय निकुञ्जबाट हात्तीसहित नेपाली सेनाको टोली आई बाघलाई नियन्त्रणमा लिने बताइएको छ।

## चट्याङबाट बचौं र बचाऔं

चट्याङबाट बच्न,
घरबाहिर हुनुहुन्छ भने,
- अग्लो र एक्लो रूखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा ¬र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुला मैदानमा नबस्ने
- धातुबाट बनेका तारबार नजीक नबस्ने,

घरभित्र हुनुहुन्छ भने,
- विद्युतीय सामग्रीहरू जस्तै टिभी, कम्प्युटर, फ्रिज, वाशिङ मेशिननजीक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्यान्डलाइन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड